# जातीय अल्पसंख्यकको 2014 मा हङकङ गरिबी अवस्थाको रिपोर्टको कार्यकारिणी सारांश

---

**हङकङ सरकारको**

**विशेष प्रशासनिक क्षेत्र**

Economic Analysis Division
Economic Analysis and
Business Facilitation Unit
Financial Secretary's Office

Census and Statistics
Department

डिसेमबर **2015**

**यो विशेष साराा शक्मेंङ् ग्रेजी सं स्करण र नेपाली सं स्करणको बीच कुनै भिि नता वा अस्पष्टता छ भने, आ ग्रेर्जी स्करण मान्य हुनेछ।**
**If there is any inconsistency or ambiguity between the English version and the Nepali version of this Executive Summary, the English version shall prevail.**

## कार्यकारिणी सारांश

### परिचय

ES.1 हङकङ, एशियाको ठूलो शहर, विभिन्न संस्कृतीहरूलाई समायोजन गर्दछ, र अन्य जातीका मूल मानिसहरूलाई हङकङमा काम वा बसोबास गर्न आकर्षित गर्दछ। तिनीहरू मध्ये केही भाषाको समस्या तथा सांस्कृतिक भिन्नताको कारणले, न्यून शिक्षा तथा कला प्राप्त, समाजको अनूकुल बन्न र त्यसको सामना गर्नको लागि विशेष चुनौतीहरूको सामना गर्छन्, र तिनीहरूलाई सहायताको लागि धेरै वेफाइदा भएको मानिएको छ। तिनिहरूको कल्याणको लागि सरकार तथा गरिबी आयोगले (CoP) विशेष ध्यान दिने गरेको छ। यस रिपोर्टको उदेश्य जातीय अल्पसंख्यक (जातीय अल्पसङ्ख्यकहरू) को विशेषताको विश्लेषण गर्नु र सुविधाहीन अधिक जातीय अल्पसंख्यक समूह(हरू) र उच्च गरिबीको संकटमा भएका घरेलू वर्ग(हरू) को पहिचान गर्ने विचारसँगै तिनीहरूको गरिबी अवस्थाको र गरिबीको प्रकारको बारेमा बुझ्नु हो। यस रिपोर्टले अनुभवजन्य परिणामहरूमा आधारित नीतिगत तात्पर्यहरूको निष्कर्ष गर्दछ।

ES.2 जनगणना तथा तथ्याङ्क विभाग (सी तथा एसडी) को 2011 को जनसङ्ख्याको जनगणना अनुसार, चीनीयाँ जाती व्यक्तिहरू हङ्कङको [i](93.5%) मा समग्र जनसङ्ख्या बहुमत गठन भए, जबकि जातीय अल्पसङ्ख्यक[ii] ले 6.5% वा 446 500 व्यक्तिहरू मात्र माथि गए। समग्रमा, जातीय अल्पसङ्ख्यक मुख्य रूपमा निम्न तीन कोटी हरूमा वर्गिकरण गर्न सकिन्छ:

(i) **दक्षिण एसियाली(लगभग 280 000 व्यक्तिहरू):** यीनिहरूमा मुख्य रूपमा इन्डोनेसियनहरू, फिलिपिन्सहरू र थाइहरू समाविष्ट हुन्छन्, जो मुख्यतया विदेशी घरेलू सहायताकर्ताहरू (FDHs) थिए;

(ii) **दक्षिण एसियाली(लगभग 60 000 व्यक्तिहरू):** यीनिहरूमा मुख्य रूपमा भारतीय, पाकिस्तानी र नेपाली थिए, जबकी, अल्पसङ्ख्यक श्रीलङ्का, बङ्ग्लादेश आदिबाट समाविष्ट थिए।[iii]; र

(iii) **पूर्वी एसियाली (लगभग 20 000 व्यक्तिहरू) र अन्य विदेशीहरू (लगभग 60 000 व्यक्तिहरू)[iv]:** यिनीहरू मुख्यत: गोरा जातीहरू, जापानी र कोरियनहरू जस्ता, विकसित र उच्च-आय मितव्ययिता भएका हुन्।

---

i विस्तृत जानकारी निर्दिष्ट नहुँदासम्म, यो रिपोर्टको विश्लेषणमा भएका हङकङका सारा जनसंख्या घरेलू घरपरिवारमा समग्र देशमा आधारित जनसंख्या भन्ने बुझाउँछ।

ii तथ्याङ्किय सर्वेक्षणमा, उत्तरदायीको जातीयता आत्म-पहिचानद्वारा पत्ता लगाइन्छ। जातीयताको वर्गिकरण मूल संस्कृति, राष्ट्रियता, वर्ण तथा भाषाको सन्दर्भसँग सम्बन्धित छ। हङकङ मुख्यत: चिनियाँ समुदाय हो, "जातीय अल्पसङ्ख्यकहरू" गैर-चिनियाँसँग सम्बन्धित छ।

iii संयुक्त राष्ट्र तथ्याङ्किय आयोगद्वारा अपनाएको क्षेत्रको वर्गीकरण अनुसार, दक्षिण एसियाली राष्ट्रहरूमा भारत, पाकिस्तान, नेपाल, बङ्गलादेश, श्रीलंका, अफगानिस्तान, भुटान, इरान र माल्दिभ्स समावेश छन्। डाटा सङ्कलनमा सीमितताको कारणले, यो रिपोर्ट पहिलो पाँच जातीय समूहको विश्लेषणलाई मात्र समावेश गर्दछ।

iv यसबाहेक, जातीय अल्पसङ्ख्यकले मिश्रित समूहका लगभग 30 000 व्यक्तिहरूलाई पनि समावेश गरेको छ, जुन सम्भावित रूपमा मिश्रित जातीयताको परिवारमा जन्मिएका थिए।

ES.3 FDHs बिना नै, हङकङमा जातीय अल्पसख्यक जनसङ्ख्या, कूल जनसङ्ख्या (FDHs बाहेक) को 192 400, 2.9% को तथ्याङ्कमा पुगेको थियो। विगतमा जातीय अल्पसङ्ख्यकको बहुमत प्राप्त गरेका इन्डोनेसियन र फिलिपिन्सको सङ्ख्या 18 400 व्यक्तिहरूले मात्र पछाडी परेको थियो। बरू, दक्षिण एसियालीहरू, (53 400 व्यक्ति वा 27.8%) गोरा जाती सम्मिलित भएको यो जातीय अल्पसङ्ख्यक जनसंख्याको 61 400 व्यक्ति वा 30% (31.9%) भन्दा बढि भएको, सबै भन्दा ठूलो जातीय समूह भयो।

ES.4 जातीय अल्पसङ्ख्यक जनसङ्ख्या, 2001 र 2011 दशकको बिचमा 2.7% औसत वार्षिक वृदि दरसँगै कूल जनसङ्ख्याको 0.5% भन्दा तीव्र रूपमा वृदि भयो। इन्डोनेसियाली FDHs को विशिष्ट नोट सबैभन्दा देखिने वृद्धि दर थियो। FDHs बाहेक, यो जातीय अल्पसङ्ख्यक जनसंख्याको वार्षिक वृद्धि दर औसत दर 4.1% पुगेको मुख्यत: एसियाली समूह वृद्धिद्वारा संचालित, 2001 र 2011 को बीच 1.8% मा औसत रेहेको , उल्लेखनीय छ।

ES.5 2014 को हङकङको समग्र गरिबी अवस्थाको व्याख्या तथा विश्लेषण गर्ने, Cop द्वारा समर्थित गरिबी रूपरेखामा आधारित हङकङ गरिबी अवस्थाको रिपोर्ट 2014, अक्टोबर 2015 मा रिलिज भएको थियो। त्यस रिपोर्टमा भएका धेरै जस्तो तथ्याङ्कहरू, सामान्य घरेलू सर्वेक्षणद्वारा लिइएको थियो, जुन सी तथा एसडी को नियमित सर्वेक्षण हो। जबकी, सर्वेक्षण चलिरहेको आधारमा जातीय अल्पसङ्ख्यकको सन्दर्भमा घरेलू डाटा संकलन नगरे झै, तिनीहरूको गरिबी अवस्थाको विश्लेषण रिपोर्टमा समावेश भएको छैन।

ES.6 यस दृष्यमा,हङकङमा जातीय अल्पसङ्ख्यकको गरिबी अवस्थाको अधिक विस्तृत छवि दिन तथा तुलना गर्नको लागि यस रिपोर्टले डाटाको विभिन्न स्रोतहरूसँग सन्दर्भ राख्छ विश्लेषणलाई दुई भागमा समावेश गरिएको छ:

**(i)** **हङकङका जातीय अल्पसङ्ख्यकको समीक्षा:**2011 को जनसङ्ख्याको जनगणनामा आधारित छ, हङकङको मुख्य जातीय अल्पसङ्ख्यक समूहको जनसांख्यिकीय र सामाजिक-आर्थिक विशेषता विस्तारमा विश्लेषण गरिएका छन्। यसको अतिरिक्त, विभिन्न जातीय समूहको गरिबी तथ्याङ्क जातीय अल्पसङ्ख्यक समूहको असुविधाहरू (हरू) पत्ता लगाउन र बुझ्नको लागि तिनीहरूको गरिबीको प्रकारको अशिष्ट रूपमा अध्ययनको आधारमा तैयार पारिएको छ।

**(ii)** **बच्चाहरू भएका दक्षिण एसियाली घरपरिवारको गरिबी अवस्था:** 2014 मा सी तथा एसडी द्वारा सुरू गरिएको दक्षिण एसियाली प्रजातीका विद्यालय जाने बालकहरू भएका (समर्पित सर्वेक्षण) घरपरिवारको सर्वेक्षणमा आधारित छ।

**हङकङको जातीय अल्पसङ्ख्यकको समीक्षा**

ES.7 जनसङ्ख्या जनगणनाको आधारमा, 2011 मा हङकङमा 85 300 जातीय अल्पसङ्ख्यक[v] घरपरिवारमा बसोबास गर्ने मध्ये 192 400 गैर-विदेशी घरेलू सहायताकर्ता[vi] अल्पसङ्ख्यक प्रजातीहरू थिए। कूल जनसङ्ख्याको तुलनामा, जातीय अल्पसङ्ख्यकले विशेष जनसांख्यिकीय तथा सामाजिक-आर्थिक विशेषताहरू प्रकट गर्दछ, जुन जातीय अनुसार अधिक मात्रमा अन्तर थियो।

ES.8 जनसाङ्ख्यकिय तथा सामाजिक विशेषताहरूको सम्बन्धमा, जातीय अल्पसङ्ख्यकमा अधिक मात्रमा प्रौढ जनसङ्ख्या, र विवाह र सानै उमेरमा विवाह दुबै सामान्य थिए। धेरै हङकङमा व्यवस्थित भएका थिए र केही त्यहि जन्मिएका तथा बढेका थिए। दक्षिण एसियालीहरू मध्ये यी विशेषताहरू अधिक महत्वपूर्ण थिए। शिक्षाको सन्दर्भमा, न्यून शिक्षा गोरा जाती, जापानी/कोरियन तथा भारतीयहरूको तुलनामा दक्षिण एसियालीहरू र पाकिस्तानी, नेपाली तथा थाइहरू जस्ता दक्षिण पूर्वी एसियालीहरूमा बढि फेला परेको थियो। उच्च शिक्षा हासिल गर्ने सन्दर्भमा कम उपयुक्त परिस्थिति पाकिस्तानी तथा नेपाली युवाहरूमा पालन गरिएको थियो भन्ने टिप्पणीको मान्यतामा आधारित छ।

ES.9 यस विश्लेषणले जातीय समूहहरूमा पारिवारिक[vii] आकारहरूको भिन्नता, सम्पूर्ण जातीय अल्पसङ्ख्यक पारिवार र समग्र परिवारहरू (क्रमश: 2.7 र 2.8 व्यक्तिहरू) को औसत भन्दा दक्षिण एशीयाली परिवारको आकार 3.3 व्यक्तिहरू भएको औसत पारिवारिक आकार उच्च थियो भन्ने प्रकट गर्दछ। दक्षिण एसियाली परिवारहरूमा, पाकिस्तानी र नेपाली परिवार ठूला थिए। दक्षिण एसियाली परिवारहरूमा धेरै सङ्ख्यामा बालबालिकाहरू भएको कारणले यस्तो भएको थियो, जस्तै, एक तिहाइ भन्दा बढि पाकिस्तानी परिवारमा तीन वा सो भन्दा बढि बालबालिकाहरू थिए।

ES.10 यसमा नीजि स्थायी आवास (नीजि घर) मा बसोबास गर्ने जातीय अल्पसङ्ख्यक परिवारको अनुपात 77.9% थियो, जबकि केही जातीय समूहरूले सार्वजनिक भाडा ((PRH) को आवासमा बसोबास गरेको रिपोर्ट गरियो (जस्तै पाकिस्तानी र थाइ परिवारहरू)। यसको अतिरिक्त, नीजि आवास मध्ये धेरै जस्तो आवासहरू भाडामा थिए। यसको साथै, विस्तृत सामाजिक सुरक्षा सहायता (CSSA) प्राप्तकर्ता सामान्यतया केही दक्षिण एसियालीहरू र केही दक्षिण पूर्वी एसियालीहरू फेला परे (जस्तै इन्डोनेसियन तथा पाकिस्तानीहरू)।

---

v विस्तृत जानकारी निर्दिष्ट नहुँदासम्म, FDHs यस रिपोर्टको तथ्याङ्कबाट बाहिर हटाइने छन्।

vi कम्तिमा पनि एउटा गैर-विदेशी घरेलू सहायताकर्ता सदस्य भएको घरेलू परिवार। सबै सदस्यहरू जातीय अल्पसङ्ख्यक व्यक्तिहरू हुनुपर्ने थिएन।

vii एकल जातीयताको परिवारमा व्यक्तिगत जातीय समूहरूको विशेषताहरूला बढि प्रभावकारी रूपमा प्रकट तथा प्रकाश पार्छ। साधारण तथा केन्द्रित विश्लेषण अगाडि बढाउनको लागि, यस रिपोर्टमा भएका परिवारको तथ्ताङ्कहरू एकल जातीय परिवारमा आधारित छन्। जातीय ढाँचाको विस्तृत विश्लेषण र परिवारको वर्गिकरणको लागि, कृपया **Appendix 1** हेर्नुहोस्।

ES.11 आर्थिक विशेषताहरू गरिबी अवस्थासँग सम्बन्धित छन्। जातीय समूहहरू मध्येका ती विशेषताहरू तिनीहरूको गरिबी अवस्थाको भिन्नतालाई बुझ्नको लागि निरिक्षण तथा तुलना गरिएका छन्।

(i) **श्रम-शक्ति सहभागिताको विविध डिग्रीहरू:** पाकिस्तानीहरू बाहेक, जातीय अल्पसङ्ख्यक पुरूषहरूको श्रम-शक्तिमा सहभागीताको दर (LFPRs) औसत पुरुषहरूको भन्दा बढि थियो, जबकी धेरै जस्तो पाकिस्तानी महिलाहरू श्रम बजार भन्दा बाहिर नै रहे। नेपालीहरूको, लिङ्गलाई बेवास्ता गरेर, श्रम-शक्तिमा सहभागिताको दर उच्च थियो र धेरै नेपाली युवाहरूले श्रम-शक्तिमा सामेल हुनेको लागि विद्यालयबाट चाँडै बिदा लिए।

(ii) **शैक्षिक योग्यता प्रतिबिम्बित गर्ने पेशाको विभाजन:** धेरै जस्तो अधिक शिक्षा प्राप्त गरेका गोरा जाती, जापानी/कोरियन, तथा भारतीयहरू उच्च-कौशलता भएका कामदारहरू थिए[viii]। यसको विपरीत, दक्षिण एसियालीहरू तथा अन्य दक्षिण पूर्वी एसियालीहरू मुख्य रूपमा न्यून-कौशलता भएका कार्यहरूमा संलग्न भएका थिए। विशेष रूपमा, पाकिस्तानी, नेपाली, थाइ तथा इन्डोनेसिनहरूको उच्च अनुपात (35% देखि 40% सम्मको श्रेणी) साधारण पेशाहरूमा संलग्न भएका थिए।

(iii) **रोजगारको आय र परिवारक आम्दानीहरूमा भिन्नता:** गोरा जाती, जापानी/कोरियनहरू, र भारतीयहरूको श्रम बजारमा आय बढि छ, जबकी आधा भन्दा बढि पाकिस्तानी, नेपाली, थाई र इन्डोनेसियन कामदार व्यक्तिहरू, तिनीहरूलाई दिएको न्यून शैक्षिक प्राप्ति तथा न्यून-कौशलताको आधारमा आय समग्रमा कम हुन्छ। पारिवारिक आम्दानीको सम्बन्धमा, पाकिस्तानी, थाइ तथा इन्डोनेसियन परिवारको आम्दानी कम थियो। तिनीहरूको कार्यरत व्यक्तिहरूको न्यून आय बाहेक, यी जातीय समूहहरूमा आर्थिक रूपमा सक्रिय परिवारहरूको अनुपात न्यून हुनुमा यो पनि एउटा कारण थियो।

ES.12 2011 गरिबी रेखाहरू 2011 जनसङ्ख्या जनगणनाको डाटामा लागू गर्दै, 2011 मा पोस्ट-इन्टरभेन्सन जातीय अल्पसङ्ख्यक गरिबी दर 13.9% हुने अनुमान गरिएको थियो, उहिँ समयमा समान नगद हस्तक्षेप पछिको समग्र गरिबी दर 15.2% भन्दा कम।

जातीय समूहहरूमा, दक्षिण एसियालीहरूको गरिबी दर, विभिन्न सामाजिक-आर्थिक समूहहरूमा समग्र जातीय अल्पसङ्ख्यकहरू भन्दा 22.6% ले बढि थियो। तिनीहरूको गरिबी अवस्था चिन्ताजनक ठहरिएको छ।

ES.13 माथि उल्लेखित विशेषताहरूमा भिन्नता प्रकट गर्दै, विभिन्न दक्षिण एसियाली समूहहरूको गरिबीको अवस्थामा पनि भिन्नता छ। भारतीयहरू सामान्यतया बढि शिक्षित र उच्च-कौशलता भएका थिए, र जस कारणले 9.7% गरिबी दरसँगै बढि आम्दानीको आन्नद लिए। आफ्नो शैक्षिक प्राप्ति तथा कौशलताको स्तरहरू न्यून भएर पनि, नेपालीहरूको श्रम-शक्तिमा सहभागिता उच्च थियो र उनीहरूको परिवारमा औसत दुई जना कामदारहरू थिए।

viii उच्च-कौशलता भएका कामदारहरूमा प्रबन्धक तथा प्रशासकहरू, व्यवसायी र व्यवसायी सहयोगीहरू पर्दछन्।

यसकारण, उनीहरूले 13.6% गरिबी दरसँगै उच्च पारिवारिक आम्दानीको आनन्द लिए। यसको विपरित, पाकिस्तानीहरूको रोजगारीको विशेषता नेपालीहरूसँग मिल्दोजुल्दो थियो। जबकी, उनीहरूको श्रम-शक्तिमा सहभागिता (विशेष रूपमा महिलाहरू) न्यून थियो। पारिवारिक भार उठाउने सदस्यहरूको न्यून सङ्ख्याको साथै, उनीहरूको धेरै बालबालिकाहरू सहितको ठूलो परिवार थियो। जातीय समूहहरू मध्ये यो गरिबी अवस्था 50.2% गरिबी दर सहित सबैभन्दा बढि कष्टदायक थियो।

ES.14 जाती अल्पसङ्ख्यकमा गरिबीको प्रकारको अन्वेषणले पनि कामदार सदस्यहरूको उच्च अनुपातसँगै परिवारको गरिबी दर न्यून र अधिक कामदार व्यक्तिहरू उच्च-कौशलता भएका कार्यहरूमा थिए भन्ने देखाउँछ।  यसको साथै, सामान्यतया निर्भरता अनुपात उच्च भएका जातीय समूहहरूको लागि गरिबीको जोखिम बढि थियो। ठूलो परिवारहरू भएका दक्षिण एसियाली समूहहरू (विशेष रूपमा पाकिस्तानीहरू) र धेरै जस्तो आश्रित बालबालिकाहरू तिनीहरूसँग कामदार सदस्यहरू भएर पनि आफूलाई गरिबीबाट माथि उठाउनको लागि धेरै समस्याको सामना गरे भन्ने कुरालाई प्रकट गर्दै जातीय अल्पसङ्ख्यक समूहहरूमा परिवारको आकारको सन्दर्भमा धेरै अन्तर थियो भन्ने कुरा विचारणीय छ। यसकारण, दक्षिण एसियाली परिवारहरू मध्ये बालबालिका भएका परिवारहरूमा उच्च गरिबी जोखीम देखियो र उनीहरूको यस्तो हुनुको कारण न्यून कार्य पनि अपेक्षाकृत थियो। अन्तमा, हङकङमा दक्षिण एसियाली समूहहरू बढि असुविधा भएका जातीय समूहहरू थिए र तिनीहरूको बालबालिकाको साथै परिवारमा उच्च गरिबीको जोखिम देखियो।

**दक्षिण एशियाका बालबालिका सहितका परिवारहरूको गरिबी अवस्था**

ES.15 बालबालिका सहितका दक्षिण एसियाली परिवारको उच्च गरिबीको जोखिमको विश्लेषण तथा अद्यावधिक गर्न, सी तथा एसडीले मे 2014 देखि जुन 2015 को बिचमा समर्पित सर्वेक्षण सञ्चालन गरेको छ।

ES.16 यस कुराको उल्लेख गरिनु पर्दछ किनमूनाको फ्रेम शिक्षा ब्यूरो (EDB) द्वारा सङ्कलन गरिएको विद्यार्थीहरूको जानकारीमा आधारित थियो, सार्वजनिक वा प्रत्यक्ष माध्यमिक तथा प्राथमिक विद्यालयहरूको अनुदान योजनामा उपस्थित हुने बालबालिका भएका दक्षिण एसियाली परिवारहरू मात्र समर्पित सर्वेक्षणमा समावेश थिए, र केही न्यून गरिबीको जोखिम[ix]भएका केही दक्षिण एसियाली परिवार समर्पित सर्वेक्षणमा समावेश गरिएका थिएनन्।  यी सीमाहरू दिइएका, समर्पित सर्वेक्षणद्वारा प्रतिबिम्बित गरिबी अवस्थाको विश्लेषण सम्पूर्ण दक्षिण एसियालीहरूको गरिबी अवस्थासँग सामान्यिकृत गरिनु हुँदैन।

ES.17 2014 मा, यहा बालबालिका भएका 5 000 दक्षिण एसियाली परिवारहरू थिए[x]। पाकिस्तानी परिवारहरू सबै भन्दा ठूलो जातीय समूह भयो (2 000 परिवारहरू वा 39.1%), नेपाली (1700

ix उदाहरणको लागि, एउटा मात्र व्यक्ति भएको परिवारहरू, विद्यालय नजाने बालबालिका भएका वा प्राथमिक तथा माध्यमिक विद्यालयहरूमा उपस्थित नहुँने बालबालिकाहरू भएका परिवारहरू, र )अन्तर्राष्ट्रिय/निजी स्वतन्त्र विद्यालय( लगायतका नीजि विद्यालय  वा विदेशमा अध्ययन गर्ने बालबालिका सहित आर्थिक स्थिति राम्रो भएका परिवारहरू समर्पित सर्वेक्षणमा समावेश थिएनन्।

x समर्पित सर्वेक्षणको लागि लक्षित परिवारहरूमा बालबालिका भएका दक्षिण एसियाली सबै परिवारहरू समावेश भएनन्। तैपनि, सर्वेक्षण निष्कर्ष र सरल तरिकाले उपयुक्त विश्लेषण प्रस्तुत गर्नको लागि लक्षित परिवारहरू सामूहिक रूपमा "बालबालिका भएका दक्षिण एसियाली परिवारहरूको" रूपमा उल्लिखित छन्।

परिवार वा 33.1%) र भारतीय (1 100 परिवारहरू वा 21.7%) थिए। बालबालिका भएका दक्षिण एसियाली परिवारहरूको जनसंख्या 24 000 थियो। पाकिस्तानी, नेपाली तथा भारतीयहरू क्रमश: 11 400, 7 000 र 5 000 व्यक्तिहरू थिए, र उनीहरूको सोही अनुपात 47.2%, 29.2% र 20.9% थिए।

ES.18 CoP द्वारा प्रयोजन गरिएको गरिबी रूपरेखा अनुसार बालबालिका भएका दक्षिण एसियाली परिवारहरूको गरिबी अवस्थाको मापनद्वारा, नीतिगत हस्तक्षेप भन्दा पूर्व बालबालिका भएका गरिब दक्षिण एसियाली परिवारहरूको संख्या, गरिब जनसंख्याको आकार र गरिबी दर 2014 मा क्रमश: 2 200, 11 600 र 48.1% थियो। नीतिगत हस्तक्षेप पछि (आवर्तक नगद), सोही आँकडा 1 500, 7 400 र 30.8% सम्म घट्यो।

ES.19 सरकार को आवर्तक नगद रकमले गरिबी दर 17.3 प्रतिशतले कम गर्दै गरिबको रेखामुनि भएका मध्ये 4 200 व्यक्तिहरूको जीवनमा सुधार ल्यायो। यही समय, नीतिगत हस्तक्षेप पछि बालबालिका भएका दक्षिण गरिबीको रेखामुनी भएका एसियाली परिवारहरूको औसत अन्तर प्री-इन्टरभेन्सन आँकडामा $5,200 ले तीव्र रूपमा कमी देखाउँदै, प्रति महिना $4,000 थियो। गरिबीको दर तथा औसत मासिक गरिबीको अन्तर दुबैमा भएको यो कमी समग्र आँकडाहरू (समग्र कमी क्रमश: 5.3 प्रतिशत तथा $1,500 थियो) भन्दा तीन गुना बढि थिए। यसले बालबालिका भएका दक्षिण एसियाली परिवारहरूलाई उनीहरूको आर्थिक भारबाट मुक्त गराउने सरकारको आवर्तक नगद नीतिको प्रभावकारितालाई देखाउँछ।

ES.20 तैपनि, बालबालिका भएका दक्षिण एसियाली परिवारहरूको 2014 को पोस्ट-इन्टरभेन्सन (आवर्तक नगद) गरिबी दर (30.8%) अझै पनि हङकङको बालबालिका सहितका समग्र परिवारहरू (16.2%) भन्दा बढि छ। गरिब परिवारहरू भएका दुबै समूहको सामाजिक-आर्थिक विशेषताको तुलनाले बालबालिका भएका गरिब दक्षिण एसियाली परिवारहरूको अधिक विशिष्ट विशेषताहरूलाई रेखांकित गर्दछ।

(i) **परिवारहरू स्पष्ट रूपमा ठूला थिए:** बालबालिका भएका गरिब दक्षिण एसियाली 58.1% परिवार तथा सो भन्दा बढि परिवारहरूमा 5 व्यक्तिहरू थिए, जबकि हङकङमा बालबालिका भएका गरिब परिवारको सोहि आँकडा 15.4% मात्र थियो।

(ii) **कामदार सदस्यहरूको अनुपात स्पष्ट रूपमा कम थियो:** बालबालिका भएका गरिब दक्षिण एसियाली परिवारहरू 13.8% रोजगार थिए, जबकी हङकङमा बालबालिका भएका गरिब परिवारहरूको सोहि आँकडा 22.1% थियो। यद्यपि पूर्व CSSA प्राप्त गर्नेहरूको अनुपात (मुख्यतः कम-आय र बेरोजगार) उच्च भएतापनि, सामान्यतया उनीहरू अझै पनि आत्म-निर्भर थिए। ठूलो परिवारको आकारको परिणाम उनीहरूको भारी आर्थिक बोझ पनि तिनीहरूको गरिबीको जोखिमको एउटा कारण हो।

(iii) **अधिक कष्टदायक बेरोजगारीको अवस्था:** बालबालिका भएका गरिब दक्षिण एसियाली परिवारहरूको (16.6%) जनसंख्याको बेरोजगारीको दर बालबालिका भएका (11.1%) हङकङको गरिब परिवारहरूको तुलनामा बढि थियो, विशेष नेपालीहरूका लागि। न्यून श्रम-शक्ति सहभागिता दर सहित पाकिस्तानीहरूको पनि बेरोजगारी दर बढि थियो।

(iv) **न्यून रोजगारीको आय:** बालबालिका भएका दक्षिण एसियाली परिवारहरूको न्यून शैक्षिक स्तर तथा न्यून कौशलताको स्तर भएका रोजगार रोजगार व्यक्तिहरूको, मासिक आय उनीहरूको आशिंक समय / अधिक कार्य समयको अनुपातद्वारा पर्याप्त मात्रमा सुविधाजनक थिएन

ES.21 2014 मा नीतिगत हस्तक्षेप पूर्व तथा त्यसपछिको चयन गरिएको जनसांख्यकिय तथा सामाजिक-आर्थिक विशेषताद्वारा बालबालिका भएका दक्षिण एसियाली परिवारहरूको गरिबी आँकडामा गरिएको विश्लेषणले निम्म मुख्य अवलोकनहरूलाई प्रष्ट पार्छः

(i) पाकिस्तानीहरूले पोस्ट-इन्टरभेन्सन गरिब जनसंख्याको 68.8% (वा 5 100 व्यक्तिहरू) माथि उठे जबकि बालबालिकाहरूको पनि 55.7% (वा 4 100 व्यक्तिहरू) उच्च शेयर सहित गणना भयो। नीतिगत हस्तक्षेप पछि, गरिब जनसंख्या तथा गरिबी दरहरू जातीय समूहहरू बिच विभिन्न डिग्रीमा कम भए, तर पाकिस्तान र बालबालिकाको गरिबी दर क्रमशः 44.8% र 34.7% उच्च दरमा नै कायम रहयो।

(ii) प्री-इन्टरभेन्सन गरिब जनसंख्याको पर्याप्त अनुपातले CSSA (59.5%) वा PRH मा बसोबास गर्नेहरूले (63.5%) प्राप्त गरे। आवर्तक नगद मापन अनुसार दुई समूहहरूको गरिबी दरहरू क्रमशः 46.9% र 38.4% मा पुग्यो, तर अन्य परिवार समूहहरू भन्दा अझै पनि बढि छ।

(iii) नीतिगत हस्तक्षेप पछि काम गर्ने व्यक्तिहरू भएका परिवारहरूको गरिबी दर 22.3% थियो, जुन आर्थिक रूपमा सक्रिय परिवारहरू भन्दा 89.3% कम हो। यसले गरिबी जोखिम कम गर्नमा रोजगारीको प्रभावकारितलाई प्रमाणित गर्दछ।

(iv) काम गर्ने परिवार (र काम गर्ने CSSA परिवारहरू पनि) को गरिबी अवस्थामा ठूलो परिवारको आकारको प्रभाव प्रतिबिम्बित गर्दै, काम गर्ने गरिब परिवारहरू मध्ये, 5 वा सो भन्दा बढि सदस्यहरू भएका ठूला परिवारहरूको शेयर 60.0% थियो जबकि CSSA प्राप्तकर्ताहरू 17.7% थिए,

ES.22 आवर्तक नगद नीतिहरू बाहेक, गैर-आवर्तक नगद र वस्तु-विनिमय नीतिहरू पनि बालबालिका भएका दक्षिण एसियाली परिवारहरूको गरिबी अवस्था कम गर्नमा प्रभावकारी रहेका छन्। यी परिवारहरू पर्याप्त अनुपातमा PRH मा बस्ने भएकोले, यसले पनि वस्तु-विनिमय नीतिहरूको उत्कृष्ट प्रभावलाई प्रमाणित गर्दछ।

ES.23 यस समर्पित सर्वेक्षणले प्रयोग हुने भाषा तथा समुदायको संयोजकतामा डाटा सङ्कलन गर्‍यो। यस रिपोर्टले बालबालिका भएका दक्षिण एसियाली गरिबी रेखा मुनिका जनसंख्याको विशेषताहरूको विवरण दिन्छ। मुख्य अवलोकनहरू यस प्रकार छन्:

- **भाषा प्रयोग:** पढाइ वा काममा चिनियाँ तथा अङ्ग्रेजीको सामान्य प्रयोगको तुलनामा, घरमा प्राय: उनीहरू मातृ भाषा नै बोल्थे। उनीहरू चिनियाँ भन्दा अङ्ग्रेजीमा बढि दक्ष, र पढ्ने र लेख्ने भन्दा सुन्ने र बोल्नेमा अझ बढि कुशल थिए। अङ्ग्रेजी तथा चिनियाँमा वयस्कहरू भन्दा उनीहरूको बालबालिकाहरू बढि सिपालु थिए, तर वयस्कहरूको तुलनामा बालबालिकाहरू आफ्नो मातृ भाषा लेख्न र बोल्नमा बढि कमजोर थिए। धेरै जस्तो गरिबी मुनि भएका व्यक्तिहरूले पढाइ वा काममा कुनै पनि समस्या देखाएनन्, यस्ता कठिनाइहरू भएका व्यक्तिहरूलाई बढि जस्तो आफ्नो चिनियाँ भाषाको प्रयोग गर्नमा कठिनाइ देखियो।
- **सामुदायिक एकीकरण:** उनीहरूको स्थानीय निवासीहरूको निश्चित फैलाव सहितको एउटा विकशित सामाजिक नेटवर्क थियो, र युवाहरूको अझ बढि फैलिएको नेटवर्कहरू थियो। अहिलेसम्मको, दक्षिण एसियालीहरू बीच न्यून मतदाता रजिस्टरी दरहरूले तिनीहरूको समुदायको सहभागिताको स्तर कम रहेको प्रतिबिम्बित गर्दछ, जबकी तिनीहरू मध्ये आधा भन्दा बढि, विशेष रूपमा नयाँ पीढीहरूले, हङकङसँग सम्बन्धित भएको निष्पक्ष भावना व्यक्त गरे। यसको अतिरिक्त, तिनीहरू मध्ये केही अल्पसंख्यकको मुख्य बाधाको रूपमा सरकारी सेवाहरूमा उल्लिखित भाषा तथा सञ्चारको प्रयोग गर्नमा समस्याको सामना गर्नु थियो। धेरैले केही समर्थन सेवाहरूको बारेमा चेतना नभएको संकेत गरे, भाषा सम्बन्धी बाधाहरूले गर्दा पनि केही अवस्थित समर्थन सेवाहरूको बारेमा जान्नमा रोक लगाएको अप्रत्यक्ष रूपमा प्रतिबिम्बित गर्दछ।

ES.24 बालबालिका भएका गरिब दक्षिण एसियाली परिवारहरूका पोस्ट-इन्टरभेन्सनका सदस्यहरूलाई विभिन्न समर्थन सेवाहरूको निँकै खाँचो थियो। गरिबी मुनि रहेका यी समूहहरू मध्ये, पर्याप्त बालबालिका तथा वयस्कहरूले PRH तथा सरकारी सहायताको खाँचो रहेको संकेत गरे। गरिबी मुनि रहेका यी परिवारहरूका बालबालिकाहरूको उच्च अनुपातले आफ्नो इच्छा सूचीमा पढाइ सुविधाहरू तथा चिनियाँ भाषाको कोर्षहरू राखे, जबकी गरिब वयस्कहरूले चिनियाँ भाषाको कोर्षहरू तथा क्यारियर प्रशिक्षण समर्थनको माँग गरे।

**मुख्य अवलोकनहरू**

ES.25 यस रिपोर्टले सर्वप्रथम 2011 को जनसंख्याको जनगणनाको निष्कर्षहरूको आधारमा हङकङमा रहेका मूल अल्पसंख्यक समूहहरूका जनसांख्यकिय तथा सामाजिक-आर्थिक विशेषताहरूको विश्लेषण तथा तुलना गर्दछ, त्यसपछि समर्पित सर्वेक्षणको निष्कर्षहरूको रेखाङ्कनद्वारा बालबालिका भएका दक्षिण एसियाली परिवारहरूको गरिबी अवस्थाको बारेमा केन्द्रित विश्लेषण तथा अद्यावधिकहरू प्रदान गर्दछ। यसै बीच, उपयुक्त गरिबी रेखाको विश्लेषणात्मक रूपरेखा लागू गरेर, यस रिपोर्टले विशेष रूपमा उच्च गरिबी जोखिम भएका दक्षिण एसियाली समूहहरूको जातीय अल्पसंख्यकहरूको गरिबी अवस्थाको बारेमा समीक्षा पेश गर्दछ। निम्न छ ओटा मुख्य अवलोकनहरू गर्न सकिन्छ:

ES.26 **अवलोकन 1: जातीय अल्पसंख्यक समूहहरूले सामना गर्ने गरिबी**को जोखिम दक्षिण एसियालीहरू (विशेष रूपमा बालबालिका भएका परिवारहरू) सँग गम्भीर रूपमा भिन्नता रहन्थ्यो।

- ***सम्पूर्ण जातीय अल्पसंख्यकहरू:*** नीतिगत हस्तक्षेप पूर्व वा यस पछि यस 2011 मा गरिब परिवारहरूको संख्या, गरिब जनसंख्याको आकार तथा जातीय अल्पसंख्यकहरूको गरिबी दरको बारेमा गरेको आँकलन निम्न प्रकार थिए:
  - नीतिगत हस्तक्षेप पूर्व: 11 200 परिवारहरू, 30 400 व्यक्तिहरू तथा 15.8%; र
  - नीतिगत हस्तक्षेप पछि: 9 800 परिवारहरू, 26 800 व्यक्तिहरू तथा 13.9%।

  आवर्तक नगद हस्तक्षेप पछि जातीय अल्पसंख्यकहरूको पोस्ट-इन्टरभेन्सन गरिबी दर क्षेत्रिय-व्यापक गरिबी दर (15.2%) भन्दा धेरै कम थियो। जबकी, जातीय समूहहरू बिच व्यापक भिन्नताहरूको अवलोकन गरिको थियो।
- ***दक्षिण एसियालीहरू:*** जातीय अल्पसंख्यकहरूको गरिब जनसंख्याको आधा भन्दा बढि दक्षिण एसियालीहरू थिए, जसको गरिबी दर जातीय समूहहरू बीच उच्च थियो। यस 2011 मा गरिब परिवारहरूको संख्या, गरिब जनसंख्याको आकार तथा दक्षिण एसियालीहरूको गरिबी दरको बारेमा गरेको आँकलनहरू निम्न प्रकार थिए:
  - नीतिगत हस्तक्षेप पूर्व: 3 800 परिवारहरू, 16 200 व्यक्तिहरू तथा 26.4%; र
  - नीतिगत हस्तक्षेप पछि: 3 300 परिवारहरू, 13 900 व्यक्तिहरू तथा 22.6%।

  बालबालिका भएका दक्षिण एसियाली परिवारहरू झन बढि गरिबी जोखिमको हालतमा थिए।
- ***बालबालिका भएका दक्षिण एसियाली परिवारहरू:*** बालबालिका भएका दक्षिण एसियाली परिवारमा ध्यान केन्द्रित गर्दै, 2014 मा नीतिगत हस्तक्षेप पहिले र पछि गरिब परिवारहरूको संख्या, गरिब जनसंख्याको आकार र गरिबी दर निम्न प्रकार थिए:
  - नीतिगत हस्तक्षेप पूर्व: 2 200 परिवारहरू, 11 600 व्यक्तिहरू तथा 48.1%;
  - नीतिगत हस्तक्षेप पछि (आवर्तक नगद): 1 500 परिवारहरू, 7 400 व्यक्तिहरू तथा 30.8%;
  - नीतिगत हस्तक्षेप पछि (आवर्तक + गैर-आवर्तक नगद): 1 400 परिवारहरू, 6 600 व्यक्तिहरू तथा 27.6%; र
  - नीतिगत हस्तक्षेप (आवर्तक नगद + वस्तु विनिमय) पछि: 900 परिवारहरू, 4 100 व्यक्तिहरू तथा 17.2%।

  नीतिगत हस्तक्षेप (आवर्तक नगद) पछि, पाकिस्तानी गरिब जनसंख्याको 70% (5 100 व्यक्तिहरू) गणना भयो र सबै दक्षिण एसियाली समूहहरू मध्ये बढि, 44.8% गरिबी दर थियो।

ES.27 **अवलोकन 2: जनसांख्यकिय प्रोफाइलको सन्दर्भमा ठूलो परिवारको आकार सहित दक्षिण एसियालीहरू सबै भन्दा अल्पवयस्क थिए:**

- ***सम्पूर्ण जातीय अल्पसंख्यकहरू:*** 2011 मा, बालबालिकाहरू, सम्पूर्ण जातीय अल्पसंख्यक तथा दक्षिण एसियाली जनसंख्यामा 30% बालबालिकाहरू समावेश थिए, जुन कूल जनसंख्याको 16.0% ले बढि हो, जबकि वृद्धहरू थोरै थिए। यस्ता जनसांख्यकिय प्रोफाइलले शिक्षा तथा रोजगारीमा समर्थन नीतिहरूको ठूलो आवश्यकताको संकेत गर्दछ।
- बालबालिका भएका दक्षिण एसियाली परिवारहरू: 2014 मा बालबालिका भएका दक्षिण एसियाली परिवारको औसत आकार 4.8 व्यक्तिहरू थियो। यी परिवारहरूको आधा (51.9%) भन्दा बढीमा 5 वा सो भन्दा बढि सदस्यहरू भएको ठूला परिवारहरू थिए, जबकि हङकङमा बालबालिका भएका समग्र परिवारहरूको सोही अनुपात एक-पाँचौ भाग (19.1%) मात्र थियो। बालबालिका भएका दक्षिण एसियाली परिवारहरू मध्ये, पाँच वा सो भन्दा बढि सदस्यहरू भएका 80% (81.8%) सहित, ठूला परिवारहरूमा पाकिस्तानी परिवारहरूको ठूलो शेयर थियो।

ES.28 **अवलोकन 3: रो**जगार गरिबीबाट छुट्कारा पाउने एउटा सबै भन्दा राम्रो तरिका हो, तर उच्च आश्रित अनुपातले काम गर्ने परिवारहरूलाई गरिबीबाट छुट्कारा पाउनको लागि बढि कठिन बनाउँछ:

- ***रोजगारले गरिबी जोखिम कम गर्न सक्छ:*** यदि तिनीहरू मध्ये धेरैले रोजगार वा उच्च कौशलता भएको काम प्राप्त गरे भने जातीय अल्पसंख्यकहरूको गरिबी जोखिम कम हुन सक्छ। आर्थिक वृदि, कामको सिर्जना र कौशलता अपग्रेड गरिबी हटाउने मुख्य तत्वहरू हुन भन्ने कुरा प्रस्ट छ।
- उच्च गरिबी जोखिम भएका दक्षिण एसियाली परिवारहरू: यद्यपि सामान्यतया आत्म-निर्भर भएता पनि, दक्षिण एसियाली परिवारहरू पूर्णतया पारिवारिक सदस्यहरूको सहायतामा आश्रित रहने भएकाले यी परिवारहरू अझै पनि बढि गरिबी जोखिममा थिए। न्यून शैक्षिक प्राप्तिको कारणले गर्दा, उनीहरूको काम गर्ने सदस्यहरू न्यून-कौशलता भएको काम गर्थे, जसको परिणाम सीमित रोजगारको आय तथा सीमित पारिवारिक आम्दानी हो न्यून LFPR तर आंशिक-समय काम गर्नेहरूको उच्च अनुपात सहित, पारिवारिक आम्दानीमा उनीहरूको महिलाहरूको योगदान पर्याप्त थिएन। यसको साथै, पाकिस्तानीहरूमा उच्च रोजगार दर सहित न्यून LFPR को अवलोकन गरिएको थियो।

ES.29 **अवलोकन 4:** जबकी दक्षिण एसियालीहरूको गरिबी दरहरू सरकार गरेको नीतिगत हस्तक्षेपमा एकदमै कम थिए, केही ठूला दक्षिण एसियाली परिवारहरूका लागि गरिबीबाट छुट्कारा पाउन कठिन नै रह्यो:

- आवर्तक नगद नीतिहरू सामान्यतया मद्दतगार थिए: गरिब दक्षिण एसियालीहरूले सामान्यतया आवर्तक नगद नीतिहरूबाट लाभ, विशेष रूपमा CSSA तथा शैक्षिक सुविधाहरू प्राप्त गरे, जबकि केही (पाकिस्तानीहरू जस्ता) जातीय समूहहरू अधिकतम रूपमा PRH व्यवस्थाबाट सुविधा प्राप्त गरे।

- न्यून आयको काम सामान्य थियो: नीतिगत हस्तक्षेप पछि, बालबालिका भएका गरिब दक्षिण एसियाली परिवारहरू मध्ये 62.4% काम गर्ने परिवारहरू थिए, जसको गरिबी दर 22.3% थियो, जुन हङकङका बालबालिका भएका समग्र परिवारहरूको 12.4% भन्दा बढि थियो। यी परिवारहरू मध्ये, 17.7% ले CSSA प्राप्त गरे।

ES.30 **अवलोकन 5: दक्षिण एसियालीहरूको शैक्षिक प्राप्ति कम थियो, र स्थानिय समुदायसँग घुलमिल हुनका लागि भाषाको दक्षता उनीहरूका लागि मुख्य समस्या थियो:**

- चीनीयाँ भाषा पढ्न र लेख्नमा कम दक्षता: दक्षिण एसियाली बालबालिका र वयस्कहरू दुबै चीनीयाँ पढ्न र लेख्नमा कम दक्ष थिए पढ्न र लेख्नका लागि चिनियाँ भाषाको प्रयोग उनीहरूका लागि मुख्य चुनौती बन्यो।
- न्यून शैक्षिक प्राप्ति भएका आमा-बुवाहरू: दक्षिण एसियाली वयस्कहरूका लागि उनीहरूको बालबालिकाको शिक्षाको बारेमा बुझ्नको (जस्तै, स्थानीय शिक्षाको बारेमा जानकारी प्राप्त गर्न वा विद्यालयहरूसँग सञ्चारण गर्नका लागि) साथसाथै उनीहरूको बारेमा जानकारी (जस्तै, समर्थम सेवाहरूको जानकारी) प्राप्त गर्नमा उनीहरूको न्यून शैक्षिक प्राप्ति तथा चीनीयाँ भाषामा कम दक्षता बाधाहरू पुऱ्याउन सक्छन्।
- ***पोस्ट-सेकेन्ड्री शिक्षा प्राप्त गर्ने न्यून दर:*** केही दक्षिण एसियाली युवाहरूका लागि पोस्ट-सेकेन्ड्री शिक्षा प्राप्त गर्नु सामान्य थिएन। निकै सानो उमेरमा श्रम बजारमा उनीहरूको सहभागिताले पनि उनीहरूको ध्यान विकेन्द्रित गर्दछ।

ES.31 **अवलोकन 6: दक्षिण एसियालीहरू बिच समुदायको सहभागिता तथा समर्थन सेवाहरू वा आर्थिक सहायताको उपयोग** शायद भाषाको अवरोधको कारणले गर्दा कम थिए।

- ***समुदायको सहभागिता:*** उनीहरूको सीमित समुदायिक सहभागीता न्यून मतदाता रजिस्ट्री दरको निर्देशक थियो।
- ***समर्थन सेवाहरू:*** जातीय अल्पसंख्यकहरूलाई केन्द्रित गर्दै जब उनीहरूलाई उनीहरूका केही समर्थन सेवाहरूको प्रयोगको बारेमा सोधियो, धेरै जस्तो दक्षिण एसियालीहरूले आफुलाई ती सेवाहरूको बारेमा थाहा नभएको संकेत गरे। यसको अतिरिक्त, सार्वजनिक सेवाहरू प्रयोग गर्नमा भाषा उनीहरूका लागि मुख्य बाधा भएको ठहराए।
- ***आर्थिक सहायता:*** कार्य प्रोत्साहन परिवहन अनुदान (WITS) योजनाबाट सुविधा प्राप्त गरिरहनुभएका न्यून आय भएको काम गर्ने दक्षिण एसियालीहरू अनुपात कम थियो। सीमित आय भएका परिवारहरू मध्ये, न्यून आयमा काम गर्नेहरू मध्ये 6% ले मात्र अनुदानको लागि आवेदन गरे। नीतिगत हस्तक्षेपको प्रभावकारिता सुधार्नका लागि, नीति तथा समर्थन सेवाहरूको प्रचार अधिकतम रूपमा दक्षिण एसियालीहरूमा लक्षित गर्नुपर्दछ।

**नीतिको तात्पर्य**

ES.32 सरकारले गरिबी निवारण विशेष रूपमा जातीय अल्पसंख्यकहरू लगायतका अन्य अल्प सुविधाहरू प्राप्त व्यक्तिहरूको आवश्यकताहरू पुरा गर्नको लागि, महत्त्वपूर्ण रूपमा सम्मिलित भएको छ। उनीहरूलाई हङकङमा बस्ने व्यवस्था मिलाउन मद्दत गर्नका लागि, विभिन्न ब्यूरो तथा विभागहरूद्वारा जातीय अल्पसंख्यकहरूको आवश्यकतारूका लागि उपयुक्त हुने लक्षित समर्थन उपायहरू अपनाउन जारी राख्नेछ।

ES.33 रोजगारी तथा प्रशिक्षण समर्थन: गरिबी जोखीममा रोजगारी पनि जोडिएको छ। आर्थिक वृदि, कामको सिर्जना तथा कौशलता अपग्रेड गरिबी निवारणका सहायक हुन्, श्रम विभाग (LD), रोजगारी प्रशिक्षण बोर्ड तथा व्यवसायिक प्रशिक्षण परामर्ष जातीय अल्पसंख्यकहरूलाई रोजगारीमा सहायता गर्नका लागि सेवाहरू प्रदान गर्न तथा उनीहरूको कौशलतामा तथा आयमा सुधार ल्याउनका लागि उपयुक्तकासँग सम्बन्धित प्रशिक्षण प्रदान गर्न जारी राख्नेछ।

ES.34 **शैक्षिक समर्थन:** वंशाणुगत गरिबी निवारणका लागि शिक्षा निकै महत्त्वपूर्ण छ। हाम्रो समग्र भविष्यको मानव शक्ति अपग्रेड गर्नका लागि जातीय अल्पसंख्यकहरूको युवा जनसंख्यामा, हङकङका नयाँ वंशहरूलाई बढि समर्थन प्रदान गरिनुपर्दछ। चिनियाँ भाषाको दक्षता जातीय अल्पसंख्यकहरूका लागि समुदायमा घुलमिल हुन तथा पोस्ट-सेकेन्ड्री कार्यक्रमहरूमा भर्ना हुनका लागि आवश्यक पर्ने मुख्य कुरा हो। चिनियाँ भाषा बोल्न नजान्ने विद्यार्थि तथा आमा-बुवाहरूको सहायताको लागि EDB ले प्रोत्साहन जारी राख्नेछ।

ES.35 कल्याणकारी सेवाहरू: अहिलेसम्म सबै हङकङ निवासीहरूलाई आवश्यक कल्याणकारी सेवाहरू, उनीहरूको राष्ट्रियता वा जातीलाई ध्यान नदिइकन, उनीहरूको योग्यताको मापदण्ड तथा आवश्यकताहरू अनुसार सामाजिक कल्याणकारी सेवाहरूमा समान पहुँचको आनन्द लिएका छन्। श्रम तथा कल्याणकारी ब्यूरो जातीय अल्पसंख्यकहरूलाई परिवार तथा बालबालिका कल्याणकारी सेवाहरू, वयस्क व्यक्तिहरूको सेवाहरू, मेडिकल सामाजिक सेवाहरू, विभिन्न सामाजिक सुरक्षा योजनाहरू लगायतका विभिन्न सेवाहरूद्वारा स्थानीय समुदायमा समायोजन हुन सहायता गर्न जारी राख्नेछ, यसरी उनीहरूलाई आफ्नो समायोजनको समस्याहरू कम गर्न र उनीहरूको सामाजिक क्रियाकलाप तथा आत्म-निर्भरताको क्षमतामा सुधार गर्नमा मद्दत गर्दछ।

ES.36 यहि गतिमा सामाजिक कल्याण विभाग, LD र कार्य परिवारलाई भत्ता दिने कार्यालय, आवश्यक व्यक्तिहरूलाई राम्रो सेवाहरू प्रदान गर्नका लागि, योजनाहरूको बारेमा जातीय अल्पसंख्यकहरूको चेतना बढाउन तथा यस्ता योजनाहरूको बारेमा बुझाउनका लागि मे 2016 मा वर्तमान योजनाहरू (WITS योजना सहित) को प्रचार जारी राख्नेछ र आगामी न्यून आय भएका कार्य परिवारलाई भत्ता

दिने योजना शुरू गरिने छ।

ES.37 **समुदायिक संलग्नता तथा समायोजन:** हङकङका मूल निवासी भएका, धेरै जस्तो जातीय अल्पसंख्यकहरू त्यहि जन्मिएका तथा त्यहि हुर्किएका थिए। तिनीहरू पहिले नै हाम्रो समाजको सदस्यहरू बनिसके। तिनीहरूले समुदायमा समायोजन हुन र सन्तुष्ट भएर बाँच्न तथा काम गर्न उनीहरूका लागि अति आवश्यक छ। सरकार जातीय अल्पसंख्यकहरू बीच सामुदायिक एकजुटतालाई प्रोत्साहन गर्न र तिनीहरूलाई सार्वजनिक सेवाहरूको प्रयोग गर्न सहायता प्रदान गर्न मद्दत गर्न जारी राख्नेछ।  जातीय अल्पसंख्यकहरू (विशेष रूपमा दक्षिण एसियालीहरू) का लागि लक्षित प्रचार बढि प्रभावकारी तथा लाभदायक समर्थन नीतिहरूको कार्यान्वयनका लागि गृह प्रशासन ब्यूरोद्वारा अघि बढाइने छ।

ES.38 निरन्तर निगरानी: यस सरकारले निरन्तर रूपमा जनसङ्ख्याको जनगणना/बाइ-सेन्सस जस्ता सर्वेक्षणहरूद्वारा उनीहरूको गरिबी अवस्थाको निगरानी गर्नुपर्दछ।

जनसंख्याको जनगणना 2017 मा प्रकाशित गरिने निष्कर्षहरू सहित 2016 को मध्यमा C&SD द्वारा तयार गरिने छ। जातीय अल्पसंख्यकहरू (विशेष रूपमा दक्षिण एसियालीहरू) को गरिबी अवस्था निगरानी गर्नका लागि डाटा तथ्याङ्कीय अद्यावधिकहरू प्रदान गर्नेछ।